६०. **<u>खरिद कारवाहीको अभिलेख राख्नु पर्ने</u> :** इकाई र स्थानीय तहले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा उल्लेख भए बमोजिम खरिदका आवश्यक कागजात सहितको खरिद कारवाहीको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

६१. **<u>सीप विकास तालिम प्रदायकको सेवा खरिद सम्बन्धी व्यवस्था</u> :** (१) इकाईले सीप विकास तालिम सञ्चालन हुने स्थानीय तहहरुलाई भौगोलिक सामिप्यताको आधारमा अधिकतम् आठ वटा स्थानीय तहको क्लष्टर बनाई सो को सूची सहितको विवरण तथा प्रदान गर्ने तालिमको विषय संलग्न गरी तालिम सञ्चालनको लागि सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) इकाईले कार्यक्षेत्रगत शर्त तोक्दा योग्यता, ग्राह्याता सम्बन्धी विवरण, आशयपत्रमा संलग्न गर्नुपर्ने कागजात र शर्तहरु निर्धारण गर्दा सार्वजनिक खरिदको आधारभूत सिद्धान्त प्रतिकूल नहुनेगरी गर्नु पर्नेछ ।

(३) योग्यता र ग्राह्याताका आधार निर्धारण गर्दा कम्तिमा देहाय बमोजिम हुने गरी गर्नु पर्नेछः-

(क) कम्पनी रजिष्ट्रारको कार्यालय वा घरेलु कार्यालय वा स्थानीय तहमा दर्ता भएको,

(ख) मूल्य अभिवृद्दि करमा दर्ता भएको,

(ख) अघिल्लो आर्थिक बर्षसम्मको कर चुक्ता भएको (खरिद नियमावली अनुसार कर चुक्ता प्रमाणपत्र लिन वा कर विवरण पेश गरेको प्रमाण लिन समय प्रदान गरिएको भएमा सोही अनुसारको अवधि),

(ग) तालिम सेवा प्रदायक प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषदमा आवद्ध भएको हुनु पर्ने,

(घ) दफा ३३ को उपदफा (१) मा उल्लेख भएका तालिमका बिषयहरु मध्ये कम्तीमा तीन बिषयमा तालीम प्रदान गरेको अनुभव भएको,

(ङ) प्रस्तावित प्रशिक्षक सम्बन्धित बिषयको न्यूनतम तह २ को सीप परिक्षण (स्किल टेस्ट) परिक्षामा उत्तिर्ण भएको र सम्बन्धित बिषयमा तालिम प्रशिक्षण प्रतिष्ठान बाट प्रशिक्षक प्रशिक्षण प्राप्त गरेको,

(च) कार्यक्षेत्रगत शर्तमा तोकिए बमोजिमको आर्थिक कारोबार र अन्य बिषयहरु ।

(४) प्रस्तावदाताले आशयपत्र पेश गर्दा अधिकतम् दुइ सेवा प्रदायकहरुले संयुक्तरुपमा आशयपत्र पेश गर्न पाउने गरी व्यवस्था मिलाउनु पर्नेछ । तर, सबकन्ट्रयाक्टमा रहने गरी सेवा प्रदायकहरु सहभागी हुन नपाउने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(५) प्रस्तावदाताले एक वा सो भन्दा बढी क्लस्टरमा तालिम प्रदान गर्ने गरी आशयपत्र पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) आशयपत्र मुल्याङ्कनमा कम्तीमा ६० प्रतिशत अंक प्राप्त गर्ने तथा न्यूनतम योग्यता र ग्राह्याता पुरा भएका सेवाप्रदायकलाई मौजुदा सूचीमा राख्नु पर्नेछ ।

(७) अर्को आर्थिक वर्षका लागि थप सेवा आवश्यक पर्ने भएमा साविकको शर्तमा कुनै फरक नगरी आशयपत्र आह्वान गर्न सक्नेछ। यसरी आह्वान गर्दा उपदफा (६) मा रहेका मौजुदा सूचीमा रहेका सेवा प्रदायक स्वत: थप एक आर्थिक बर्ष सम्मका लागि मौजुदा सूचीमा समावेश भएका हुनेछन्।

(८) मौजुदा सूचीमा छनौट भएका आशयपत्र दाताहरुबाट प्रस्ताव माग गर्दा प्राविधिक र आर्थिक प्रस्तावको भार क्रमशः असी प्रतिशत र वीस प्रतिशत कायम गरी योग्यताक्रम निर्धारण हुने गरी उपयुक्त ढाँचामा प्रस्ताव माग गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(९) सेवा प्रदायकले इकाइले तोकेको क्लष्टर अनुसार प्रत्येकको लागि अलग-अलग प्रस्ताव तयार गरी अधिकतम पाँचवटा क्लस्टरको लागि मात्र आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ । तर एउटा सेवा प्रदायकलाई अधिकतम् दुईवटा क्लष्टरमा तालिम सञ्चालन गर्न पाउने गरी छनौट गर्ने व्यवस्था मिलाउनु पर्नेछ । दुईवटा भन्दा बढी क्लस्टरमा एउटै सेवा प्रदायक प्रथम योग्यता क्रममा रहन गएमा उक्त सेवा प्रदायकलाई दुईवटा छनौट गर्न लगाउनु पर्नेछ र छाडिएको क्लटरमा क्रमश: दोश्रो योग्यता क्रममा रहेका सेवा प्रदायकबाट छनौट गर्नुपर्नेछ ।

(१०) उपदफा (८) बमोजिम माग गरिएको प्रस्तावको मूल्याङ्कन गुणस्तर तथा लागत विधि बमोजिम हुनेछ। मूल्याङ्कनमा प्राविधिक र आर्थिक प्रस्तावको भार क्रमशः असी प्रतिशत र वीस प्रतिशत कायम गरी योग्यताक्रम निर्धारण गर्नुपर्नेछ।

(११) उपदफा (१०) बमोजिमको योग्यता क्रममा पहिलो प्रस्तावदातालाई तालिम सञ्चालनको लागि वार्ता गरी सम्झौता गर्नु पर्नेछ। योग्यताक्रम अनुसार सम्झौताका लागि आमन्त्रण गरिएका सेवा प्रदायदाताले प्रस्ताव गरेको क्लष्टरमा काम गर्न नचाहेमा वा वार्ता विफल भएको अवस्थामा निज प्रस्तावदातालाई सूचीबाट हटाई क्रमश: पछिल्लो योग्यताक्रममा रहेका प्रस्तावदातासंग वार्ता गरी सम्झौता गर्नु पर्नेछ।

(१२) कुनै क्लष्टरमा सेवा प्रदायकबाट प्रस्ताव नभएमा वा न्यूनतम अङ्क प्राप्त गर्न नसकेको अवस्थामा अन्य क्लष्टरका लागि योग्य क्रमश: दोश्रो स्थानमा रहेका सबै सेवा प्रदायक उपदफा (८) बमोजिमको आर्थिक प्रस्ताव माग गरी साविकको प्रविधिक प्रस्तावको प्राप्ताङ्क र नयाँ आर्थिक प्रस्तावको अंक भारको आधारमा तालिम सेवा प्रदायक छनौट गर्नुपर्नेछ ।

६२. **<u>सीप विकास कार्यान्वयनको अनुगमन</u> :** (१) स्थानीय तहमा सम्झौता बमोजिम तालिम सञ्चालन तथा सो को गुणस्तरका सम्बन्धमा इकाईले प्रत्येक क्लष्टरमा देहाय बमोजिमको अनुगमन समिति बनाई परिचालन गर्नेछ :-

(क) इकाईले तोकेको कम्तिमा अधिकृतस्तरको कर्मचारी -संयोजक

(ख) तालिम सञ्चालन हुने स्थानीय तहको अधिकृत प्रतिनिधि -सदस्य

(ग) इकाईले तोकेको कर्मचारी/विज्ञ -सदस्य

(२) इकाईले समितिलाई एक भन्दा अधिकको क्लष्टरको अनुगमनको जिम्मेवारी दिन सक्नेछ।

(३) इकाईले अनुगमन गर्नु पर्ने विषयको चेकलिस्ट सहित समितिको कार्यशर्त तोक्नु पर्नेछ।

(४) इकाईले सीप विकास सञ्चालनको अनुगमन प्रतिवेदनको आधारमा मात्र सेवा प्रदायकलाई भुक्तानी दिने निर्णय गर्नु पर्नेछ।

६३. **<u>सम्झौता भङ्ग गर्न सकिने</u>** : (१) कुनै क्लष्टरमा कुनै सेवा प्रदायकले तोके अनुसारको कार्यसम्पादन नगरी तालिम अधुरो वा अपुरो हुन गएमा त्यस्तो सेवा प्रदायकसँगको सम्झौता प्रचलित कानून अनुसार रद्द गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम संझौता रद्द गर्नु पर्दा दफा ६२ बमोजिमको अनुगमन समितिको सिफारिश लिई आवश्यक निर्णय गर्न सकिनेछ।

(३) दफा ६२ बमोजिमको अनुगमन समितिले सेवा प्रदायकको कार्यसम्पादन सन्तोषजनक नभएमा वा तोकिएको आचरण पालना नगरेको सिफारिस गरेमा इकाईले सम्झौता रद्द गर्न सक्नेछ।

(४) उपदफा (१) र (३) बमोजिम सम्झौता रद्द भएमा उक्त सेवा प्रदायकलाई योग्यता सूचीबाट हटाउन सकिनेछ।

(५) सम्झौता रद्द भएको अवस्थामा कायम हुन आउने योग्यता क्रममा रहेको सेवा प्रदायकलाई आमन्त्रण गरी सेवा खरिद गर्न सकिनेछ।

## परिच्छेद-९
## <u>व्यवस्थापन सूचना प्रणालीको सञ्चालन</u>

६४. **<u>रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्ने</u>** : (१) मन्त्रालय, प्रदेश र स्थानीय तहले बेरोजगार व्यक्ति, रोजगार आयोजना, सीप विकास, वित्तीय विवरण सम्बन्धी सूचनाहरु अनिवार्य रुपमा रोजगार व्यवस्थापन सूचना प्रणालीमा अध्यावधिक गर्नुपर्नेछ।

(२) रोजगारी सिर्जना र सीप तथा क्षमता विकास अन्य सार्वजनिक निकायहरुमा प्रणालीको सञ्चालनका लागि मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

६५. **<u>राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास तथा सञ्चालन</u>** : (१) सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार, रोजगारसंग सम्बन्धित सूचना प्रवाह गर्न, रोजगार विनिमय प्रणाली